



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २३ ❑ अङ्क ६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत ८ गते मंगलबार ❑ 22 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## शिक्षा सम्झौंता संघीयता विपरीत छैन – मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ चैत**

शिक्षा, विज्ञान तथा प्रविधी मन्त्री देवेन्द्र पौडेलले शिक्षक महासंघसँग भएको सम्झौता संघीयता विपरीत नभएको स्पष्ट पार्नु भएको छ।

केही विज्ञहरुले सम्झौतालाई लिएर अनावश्यक टिप्पणी गरेको वताउँदै, मन्त्री पौडेलले विद्यालय शिक्षालाई सुर्धान ५१ वुँदे सम्झौंता गरेको हुँदा त्यसलाई गहिरोसँग अध्ययन गर्न विज्ञलाई सुझाव समेत दिनुभयो। पोखराको बाटुलेचौर स्थित विन्ध्यवासिनी मा विको हीरक जयन्तीको सोमवार उद्घाटन गर्दै मन्त्री पौडेलले सामुदायिक विद्यालयलाई गुणस्तरीय वनाएर मात्रै, निजी विद्यालयलाई गाँभ्ने गरी राज्यले निती ल्याउन लागेको वताउनुभयो।



उहाँले ५१ वुँदे शिक्षा सुधारले तीनवटै तहको शिक्षालाई थप गुणस्तरीय वनाउने विश्वास व्यक्त गर्नुभयो। अर्को वर्षदेखि एस इ इ परीक्षा प्रदेशवाटै संचालन हुने वताउदै, मन्त्री पौडेलले कोभिडलाई देखाएर शैक्षिक सत्र परिवर्तन नहुने पनि स्पष्ट पार्नुभयो।

गण्डकी प्रदेशका भौतिक, शहरी विकास मन्त्री कुमार खड्काले देशको शिक्षा प्रणाली माथि नै प्रश्न उठाउदै शिक्षा क्षेत्र वेरोजगार उत्पादन गर्ने कारखानामा सिमित वनेको वताउनुभयो। अर्का संचार, कानुन तथा प्रदेश मामिला मन्त्री विन्दुकुमार थापाले प्रदेश सरकारले आई टी पार्क निर्माणको प्रक्रिया शुरु गरेको वताउनुभयो। प्रतिनिधी सभाका सदस्य विद्या भट्टराईले देशको विद्यमान शिक्षा प्रणलीलाई सुधार नगरी देशको समग्र विकास हुन नसक्ने वताउनुभयो। हीरक जयन्ती मुल समारोक समितिका अध्यक्ष एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रा थापाको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सांसद कृष्णवहादुर थापा, पुर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी, शिक्षा कार्यान्वयन ईकाइ प्रमुख नारायण सुवेदी, वडाध्यक्ष जीवनप्रसाद आचार्य, विद्यालयका पुर्व अध्यक्ष दान व. वानिया, महेन्द्र मा.वि भलामका प्रधानाध्यापक वोधराज पौडेल, पत्रकार महासंघ गण्डकीका सचिव यदुनाथ वञ्जारा, विद्यार्थी आशिका शेर्पा, अक्षयकोष दाता दुर्गा केसी थापा, लगायतले विन्ध्यवासिनी मा.वि यस क्षेत्रकै नमुना विद्यालय भएको भन्दै प्रशंसा गरेका थिए। कार्यक्रममा मन्त्री पौडेलसँग विद्यालयको शैक्षिक तथा भौतिक विकासका लागी आवस्यक सहयोग गर्न अध्यक्ष थापा र प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले आग्रह गर्नुभयो। त्यस अवसरमा विद्यालयले हीरक जयन्तीको अवसरमा आयोजना गरेको भलिवल प्रतियोगिताको विजेता रेड हाउसलाई मन्त्री पौडेलले शिल्ड हस्तान्तरण गर्नुभयो। सोही अवसरमा एसइइ २०७७ मा उत्कृष्ट ग्रेड ल्याउने विद्यार्थीलाई पुरस्कार तथा विभिन्न विद्यार्थीलाई छात्रवृति प्रदान गरिएको छ। प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको कार्यक्रमको संचालन सहायक प्र.अ राम व. वानियाले गर्नुभएको थियो। कार्यक्रममा विद्यार्थीले विभिन्न नृत्य सहित संस्कृति प्रदायक प्रस्तुती प्रस्तुत गरेका थिए। विद्यालयले हीरक जयन्ती विभिन्न कार्यक्रम गरी मनाउने तयारी गरेको छ।

## निर्वाचन आयोगका निर्णय पूर्वाग्रही भएको अध्यक्ष ओलीको आरोप

**राससं**
**काठमाडौं, ७ चैत**

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनपूर्व जनप्रतिनिधिले राजीनामा दिनुपर्ने निर्वाचन आयोगको निर्णय पूर्वाग्रही भएको आरोप लगाउनुभएको छ।

स्थानीय तहको निर्वाचनको तयारीलगायत विषयमा छलफल गर्न सो पार्टीको पहिलो पोलिटब्यूरो बैठकमा सोमबार सम्बोधन गर्दै उहाँले निर्वाचनलाई तोकिएको समयमा निष्पक्षरूपमा गराउने सन्दर्भमा सकारात्मक सङ्केत नदेखिएको र त्यस्ता षड्यन्त्रप्रति सचेत रहन आग्रह गर्नुभयो।

अध्यक्ष ओलीले निर्वाचन चिन्हको रङ्ग बदल्ने जस्ता निर्णयमा पनि सत्ता गठबन्धनसँगको साँगगाँठका आधारमा आयोगले एमालेविरुद्ध निर्णय गरेको आरोप लगाउँदै पार्टी प्रवेशको लहर जारी रहेकाले आगामी निर्वाचनमा नेकपा एमाले एकल बहुमत प्राप्त गरेर सरकार चलाउने बताउनुभयो। उहाँले राष्ट्रिय हितको रक्षा र स्वाभिमानलाई अगाडि बढाउन छिमेकीलगायत विभिन्न मुलुकसँग थप सम्बन्ध विस्तारका लागि पार्टी अग्रसर रहेको जानकारी दिनुभयो।

बैठक सञ्चालन गर्दै पार्टीका महासचिव शङ्कर पोखरेलले जातीय विभेद् उन्मूलन दिवसका अवसरमा विभेद्मा परेका समुदायप्रति उच्च सम्मान गर्दै छूवाछूतमुक्त राष्ट्र निर्माणमा प्रतिबद्धता व्यक्त गर्नुभयो।

## नायक पल शाहको फाइल सरकारी वकिलसमक्ष पेस

**पोखरापत्र संवाददाता**
**तनहुँ, ७ चैत**

नाबालिकामाथि जबरजस्ती करणी गरेको अभियोगमा अनुसन्धानमा रहेका नायक पल शाहविरुद्धको अनुसन्धान सकेको छ।

अनुसन्धान सकेपछि सुझावसहितको प्रतिवेदन आज जिल्ला सरकारी वकिलको कार्यालय, तनहुँमा बुझाइएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। प्रहरीले २१ दिन लामो अनुसन्धानपश्चात अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरेको हो। प्रतिवेदन पेस गरिए पनि अनुसन्धान कार्य प्रहरी र सरकारी वकिल दुवैको समन्वयमा अनुसन्धान गरिने जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो।

भरखरै कागजात रुजु गर्ने कार्य भइरहेको सरकारी वकिल कार्यालय तनहुँका सरकारी वकिल रामचन्द्र शर्माले बताउनुभयो।

प्रहरीले गर्नुपर्ने अनुसन्धान कार्यमा छुटेको भए पुनः प्रहरी कहाँ पठाउनुपर्छ यदि अनुसन्धान कार्य पूरा भएको देखिएमा शाहविरुद्ध अभियोग बनाएर अदालतसमक्ष पेस गरिने छ। जिल्ला प्रहरी कार्यालय, पूर्वी नवलपरासीले पनि शाहविरुद्ध गरेको अनुसन्धान सकेर अदालतमा मुद्दा दायर गरिसकेको बताइएको छ।

## स्थानीयस्तरको आवश्यकताका आधारमा गठबन्धन हुन्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, ७ चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले आगामी स्थानीय तहको निर्वाचनमा स्थानीयस्तरको आवश्यकताका आधारमा गठबन्धन हुने बताउनुभएको छ।

तनहुँको भानु नगरपालिका-१३ खड्कागाउँमा आज आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले गठबन्धन आवश्यक रहेको र त्यसको निर्णय स्थानीयस्तरको आवश्यकताका आधारमा हुने बताउनुभयो। अहिलेको अवस्थामा कांग्रेसका लागि पनि गठबन्धन आवश्यक रहेको पौडेलको भनाइ थियो।

"कांग्रेस जम्मा ३० प्रतिशत थियो, ७० प्रतिशत कम्युनिष्ट छन्, कम्युनिष्टसँग लड्नका लागि पनि गठबन्धन आवश्यक छ", पौडेलले भन्नुभयो, "स्थानीयस्तरको आवश्यकता हेरेर गठबन्धनको निर्णय हुन्छ।" वरिष्ठ नेता पौडेलले मिलेनियम च्यालेन्ज कर्पोरेशन(एमसिसी) का विषयमा जनताले पनि बुझ्न थालेको तर्क गर्नुभयो। सुरुमा एमसिसीको विरोध गर्ने जनता पनि एमसिसीको बारेमा स्पष्ट भएको पौडेलको भनाइ थियो। "सुरुमा एमसिसी सुन्ने बित्तिकै जनता विरोधमा उत्रिन्थे, एमसिसीको विपक्षमा ठूलो माहोल थियो, अहिले जनताले पनि बुझिसकेका छन्", पौडेलले भन्नुभयो। वरिष्ठ नेता पौडेलले आजै भानु नगरपालिका-१२ आहालेमा आयोजित कार्यक्रममा कांग्रेसको नेतृत्वमा सुरु भएको विकासको अभियानलाई कांग्रेसले नै पूरा गर्ने बताउनुभयो। उहाँले कांग्रेसको नेतृत्वमा देशभर विकासका काम सुरु भएको बताउँदै त्यसलाई पूरा गर्ने जिम्मेवारी पनि कांग्रेसको काँधमा आएको बताउनुभयो। नेता पौडेलले व्यास नगरपालिका-९ निवासी स्व सतञ्जीवी पौडेलको १३औं दिनमा आयोजित श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै पौडेलको निधनले कांग्रेसले इमानदार कार्यकर्ता गुमाएको बताउनुभयो।

## आचारसंहिता खारेज गर्न माग गर्दै रिट

**रासस**
**काठमाडौं, ७ चैत**

सर्वोच्च अदालतमा निर्वाचित जनप्रतिनिधिले पुनः उम्मेदवार हुन पदबाट राजीनामा दिनुपर्ने निर्वाचन आयोगको आचारसंहिता खारेजीको माग गर्दै रिट निवेदन दायर गरिएको छ।

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले निर्वाचन आयोगले तयार पारेको आचारसंहिता खारेज हुनुपर्ने माग गर्दै रिट निवेदन दायर गरेको

बाँकी अन्तिम पृष्ठमा ▶▶


## जेष्ठ नागरिक सरोकार समाजले एक सय वर्ष माथिका सबैलाई अभिनन्दन गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ चैत**

जेष्ठ नागरिक सरोकार समाज नेपालले देशका ७७ वटै जिल्लाका १०० वर्ष पार गरेका सबै जेष्ठ नागरिकलाई अभिनन्दन गर्ने भएको छ।

समाजका अध्यक्ष समाजसेवी भक्तराज श्रेष्ठको अध्यक्षतामा सोमबार वसेको वैठकले सो निर्णय गरेको हो। वैठकले समाजका आजिवन सदस्यको हकमा ७५ वर्ष माथिका सबै जेष्ठ नागरिकलाई अभिनन्दन गर्नेछ।

चैत्र १९ गते हिमालयन आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा पोखरा ९ शान्तिघाट स्थित समाजको कार्यलय परिसरमा निशुल्क आँखा शिविर गर्ने निर्णय गरेको समाजका महासचिव विष्णुप्रसाद पौडेले वताउनु भयो। त्यसै गरी चैत्र २७ गते राम नवमीको अवसरमा धार्मिक प्रवचन, भगवान श्रीरामको विशेष पुजा अर्चना तथा जेष्ठ नागरिकलाई प्रसाद वितरण कार्यक्रम गरी भव्य रुपमा मनाउने निर्णय गरेको छ।




## आयोग परिसरबाट मतपेटिका भण्डारण र मत गणनास्थलको दृश्यावलोकन गरिने

**रासस**
**काठमाडौं, ७ चैत**

राष्ट्रिय मान्यता प्राप्त बाहेक स्थानीय तह निर्वाचनमा भाग लिन दर्ता भएका ७३ मध्ये ५८ राजनीतिक दलले जिल्लास्तरको सङ्गठन संरचनासहितको विवरण निर्वाचन आयोगमा बुझाएका छन्।

ती दलका उम्मेदवारलाई सोही दलको निर्वाचन चिह्न उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्न जिल्लास्थित सङ्गठन संरचना विवरण उपलब्ध गराउन आइतबारसम्मको समयसीमा प्रदान गरिएको थियो। निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्माले ७३ राजनीतिक दललाई जिल्लास्तरको सङ्गठनात्मक संरचनाको विवरण उपलब्ध गराउन पत्राचार गरेकामा ५८ दलबाट प्राप्त विवरण अध्ययनका क्रममा रहेको बताउनुभयो। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वासनीय र मितव्ययी तुल्याउने सिलसिलामा आयोगले प्रचलित कानुनअनुसार ती दललाई विवरण उपलब्ध गराउन अनुरोध गरेको हो। आयोगले स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि मतपेटिका भण्डारण तथा मत गणनास्थलको अनुगमन र दृश्यावलोकन आयोग परिसरबाटै गर्ने भएको छ। अवलोकन प्रणाली जडान गर्ने सन्दर्भमा आवश्यक व्यवस्था मिलाउन आयोगले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय निकायलाई अनुरोध गरेको छ। स्थानीय तह निर्वाचनका सन्दर्भमा आयोगले यही चैत १५ गतेदेखि ११०२ नम्बरको टोल फ्रि नम्बर रहने गरी कल सेन्टर सञ्चालन गर्न लागेको छ। उक्त नम्बरमा आम नागरिक तथा सरोकारवालाले आफ्ना जिज्ञासा, गुनासो वा प्रश्न राख्न सक्ने व्यवस्था मिलाएको छ। नेपाल कानुन समाजसँगको सहकार्यमा प्रमुख निर्वाचन आयुक्त तथा आयुक्त तथा निर्वाचन विज्ञको सहभागितामा मुलुकका सात प्रदेशलगायत १५ जिल्लामा यही चैत ९ देखि १७ गतेसम्म निर्वाचन आचारसंहिताको कार्यान्वयनका सम्बन्धमा राजनीतिक दल सरोकारवाला निकाय संस्था तथा पदाधिकारीसँग छलफल र अन्तक्रिया गर्ने भएको छ। निर्वाचनमा सुरक्षा व्यवस्थापनलाई प्रभावकारी तुल्याउने उद्देश्यले आयोगले निर्वाचन सुरक्षा व्यवस्थापन २०७८ निर्देशिका स्वीकृत गरेको छ। निर्वाचनका लागि आयोगले आउँदो वैशाख ११ गतेदेखि सुरु हुने गरी निर्वाचन कार्यक्रम स्वीकृत गरिसेको छ।

# ६ करोड ४५ लाखको कारोवार गर्दै सकियो लेखनाथ महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, ७ चैत

लेखनाथमा जारी १७ औं संस्करणको लेखनाथ महोत्सव ६ करोड ४५ लाख रुपैयाको कारोबार गर्दै सकिएको छ । महोत्सवमा २ लाख २० हजार दर्शकले अवलोकन गरेको लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष एवं महोत्सव मुल आयोजक समितिका संयोजक छत्रधर आत्रेयले जानकारी दिए ।



महोत्सवको समापन गर्दै गण्डकी प्रदेशका पर्यटन, उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्री मणिभद्र शर्माले व्यापारिक मेला महोत्सवले आर्थिक समृद्धिमा टेवा पुग्ने बताए । उनले व्यापारिक मेलाले क्रेता र विक्रेताका विच बस्तु तथा सेवा र उत्पादनको बजारीकरणमा महत्वपूर्ण योगदान दिने उल्लेख गरे । गण्डकी क्षेत्रमा लेखनाथ उद्योग बाणिज्य संघले बर्षेनी आयोजना गर्ने मेला नेपालकै उत्कृष्ट महोत्सव बन्ने गरेको उल्लेख गर्दै, मन्त्री शर्माले एकता र सहकार्यमा सफलताको बल हुने स्पष्ट पारे । मन्त्री शर्माले गण्डकी प्रदेश सरकारले पोखरामा बैकल्पीक औद्योगिक क्षेत्रका रुपमा पूणीटारमा संभाव्यता अध्ययन गरी कार्य अगाडी बढाएको उल्लेख गरे । पोखराको विच भागमा रहेको औद्योगिक क्षेत्रलाई विस्थापन गरी पूँणीटारमा सार्ने गरी काम भैरहेको समेत मन्त्री शर्माले बताए ।

गण्डकी प्रदेश सरकारले बेगनासतालको विकासका लागि अगाडी वढाईएको गुरुयोजनालाई सहयोग गर्ने प्रतिवद्धता दिलाए । कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले व्यवसायीक सुरक्षाका लागि स्थानीय प्रशासनले सहयोग गर्ने प्रतिद्धता गरे । प्रमुख जिल्ला अधिकारी आचार्यले विषम परिस्थितिमा आयोजना गरिएको महोत्सवले शिथिल भएको स्थानीय अर्थतन्त्रलाई चलायमान गराएको बताए । नेपाल उद्योग बाणिज्य संघ गण्डकी प्रदेशका अध्यक्ष संञ्जीव बहादुर कोइरालाले मेला महोत्सवले सरकारले आयोजना गर्नु पर्नेमा जोड दिए । प्रदेश सांसदको क्षेत्र विकासको कार्यक्रमको बजेट कटौती गरेर उद्योग बाणिज्य संघले आयोजना गर्ने व्यापारिक मेलालाई सहयोग गर्न सुझाव दिए । संघका अध्यक्ष छत्रधर आत्रेयको अध्यक्षतमा भएको समापन कार्यक्रममा संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओझाले धन्यवाद ज्ञापन गरेका थिए भने महासचिव उपेन्द्र सुवेदीले संचालन गरेका थिए । महोत्सव अवधिभर विभिन्न क्षेत्रमा उत्कृष्ट भएका सहभागीहरुलाई पुरस्कृत गरिएको थियो । महोत्सव फागुन २६ देखी चैत्र सात गतेसम्म संचालन भएको थियो । महोत्सवमा विभिन्न बस्तु तथा सेवाका तीन सय भन्दा बढी स्टलहरु राखिका थिए । महोत्सवमा फेन्सी, गार्मेन्ट, भाडा, रेष्टुरेण्ट र बालउद्यान तर्फ उत्कुष्ट कारोबार भएको आयोजकले जनाएका छन् । संघले आगामी बर्षका लागि समेत महोत्सवका मिति घोषणा गरेको छ । २०७९ सालका लागि पौष ७ देखी १८ गतेसम्मका लागि महोत्सव गर्ने गरी मिति घोषणा गरेको हो । प्रतिकुल मौसम हुँदा हुँदै छोटो समयको तयारीमा आयोजना गरिएको महोत्सव सोचेभन्दा बढी सफल भएको आयोजकले दावी गरेका छन् ।

# सृजना कप भलिबलमा छात्र/छात्रा दुबैतर्फ शान्ता माविलाई दोहोरो उपाधि

पोखरापत्र संवाददाता
पोखरा, ७ चैत

शान्ता माविले सृजना कप सामुदायीक मावि छात्र/छात्रा भलिबल प्रतियोगिताको दोहोरो उपाधि जितेको छ । कास्की जिल्ला भलिबल संघ र सृजना विकास केन्द्रको संयुक्त आयोजनामा पोखरामा सोमबार सम्पन्न प्रतियोगितामा शान्ता माविले छात्र तथा छात्रा दुबै तर्फको उपाधि जितेको हो ।



पोखरा रंगशालास्थित भलिबल ट्रेनिङ सेन्टरमा सोमबार भएको फाइनल भिडन्तमा छात्रतर्फ शान्ता माविले मेश्रम वराह मावि र छात्रातर्फ शान्ता माविले नै लक्ष्मी माविलाई सोझो सेटमा हराउँदै दुबै तर्फ नगद एक/एक लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र हात पार्‍यो । उपबिजेतामा चित्त बुझाएको छात्रतर्फको मेश्रम वराह र छात्रातर्फको लक्ष्मी माविले नगद ५०/५० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो ।

छात्रतर्फको फाइनल खेलमा शान्ता माविले मेश्रम वराह माविलाई २५-२१, २५-१६ र २७-२५ को सोझो सेटमा हरायो । छात्रातर्फको उपाधि भिडन्तमा शान्ता माविले लक्ष्मी माविलाई २५-२०, २५-८ र २५-१० को सोझो सेटमा हरायो । प्रतियोगितामा छात्रतर्फ कालिका मावि र छात्रातर्फ विन्ध्यबासिनी मावि तृतीय स्थान हासिल गर्न सफल भए । तेश्रो स्थानका लागि भएको खेलमा छात्रतर्फ कालिका माविले ईन्द्रराज्यलक्ष्मी माविलाई २५-१८, २५-१७ र २५-२१ को सेटमा पन्छायो । छात्रातर्फ विन्ध्यबासिनी माविले भद्रकाली माविलाई २५-१४, २६-२४ र २५-६ को सोझो सेटमा हरायो । तृतीय स्थान हासिल गरेको कालिका मावि र विन्ध्यबासिनी माविले नगद ३०/३० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरे ।

प्रतियोगितामा छात्रतर्फ शान्ता माविका ज्ञानु परियार तथा छात्रातर्फ शान्ता माविकै गंगा गुरुङ सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनीहरुले जनही नगद ५/५ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गरे । प्रतियोगितामा छात्रतर्फ मेश्रम वराह माविका सविन नेपाली उत्कृष्ट स्पाइकर, शान्ता माविका विवेक सुनार उत्कृष्ट सेटर, शान्ता माविकै सुभास गुरुङ उत्कृष्ट सर्भर, कालिका माविका उमेश गुरुङ उत्कृष्ट डिफेन्स र मेश्रम वराह माविका किशोर विक उत्कृष्ट ब्लकर घोषित भए । यसैगरी, छात्रातर्फ चार विधामा शान्ता माविका विद्यार्थी उत्कृष्ट भए ।

शान्ता माविका जमुना गुरुङ उत्कृष्ट स्पाइकर, निशा भुजेल उत्कृष्ट सेटर र शिला बस्नेत उत्कृष्ट सर्भर घोषित भएका हुन् । लक्ष्मी माविकी गिरमाया गुरुङ उत्कृष्ट डिफेन्स घोषित भईन् । उत्कृष्ट सबैलाई एक/एक थान भलिबल प्रदान गरिएको थियो ।

बिजयीहरुलाई सृजना विकास केन्द्रका अध्यक्ष ईन्द्रप्रसाद पौडेल, कास्की जिल्ला भलिबल संघका अध्यक्ष भीम पराजुली, कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बानिया, पोखरा महानगर खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्कासहित सृजना विकास केन्द्र र कास्की जिल्ला भलिबल संघका पदाधिकारीलगायतले पुरस्कार वितरण गरेका थिए ।

चैत ५ गतेदेखि शुरु भई सोमबार सम्पन्न प्रतियोगितामा कास्कीका सामुदायिक (सरकारी) विद्यालयहरुका कक्षा ९ देखि कक्षा १२ सम्मका विद्यार्थीहरु सम्मिलित टिमहरुको सहभागिता थियो । खेलकुदको जग मानिने सामुदायिक विद्यालयमा भलिबल खेलमा पुर्नजागरण ल्याउने उद्धेश्यले प्रतियोगिता आयोजना गरिएको आयोजक द्वय कास्की जिल्ला भलिबल संघ र सृजना विकास केन्द्रले जनाएको छ । यसले खेलाडी उत्पादनमा सघाउने उनीहरुको विश्वास छ ।

# पोखरामा जुनियर राष्ट्रिय टेनिस प्रतियोगिता शुरु

पोखरापत्र संवाददाता
पोखरा, ७ चैत

कास्की जिल्ला टेनिस संघको आयोजना तथा नेपाल टेनिस संघको समन्वयमा सोमबारदेखि पोखरामा मनुश्री-भिग्नाजित जेटीआई राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता-२०७८ शुरु भएको छ ।



कास्की जिल्ला टेनिस संघका संरक्षक कुमार मोहनबहादुर शाहीले एक समारोहका विच प्रतियोगिताको उद्घाटन गर्नुभयो । प्रतियोगिता उद्घाटन गर्दै उहाँले आँफुपनि लामो समयदेखि टेनिस खेल्दै आएको बताउनुभयो । आफ्ना अनुभव सुनाउँदै उहाँले यो खेलले जित्ने हौसला प्रदान गर्ने, आत्माविश्वास बढाउने, शारीरिक तथा मानसिक रुपमा बलियो बनाइराख्ने बताउनुभयो ।

पोखरा आफ्नो. मामलिघर भएकाले पनि पोखरासंग पुरानै सामीप्यता रहेको तर टेनिसले पोखरासंगको साइनो झनै प्रगाढ पारेको भन्दै उहाँले जुनियर टेनिस विकासका लागि सहयोग घोषणा समेत गर्नुभयो । प्रतियोगिताको मुख्य प्रायोजकका रुपमा हरेक वर्ष दुई लाख रुपैयाँ सहयोग गर्ने तथा खेलाडीको बृद्धिविकासका लागि आफ्नों बुवा आमाको नाममा ४ लाख रुपैयाँको अक्षयकोष राख्ने पनि सो अवसरमा उहाँले घोषणा गर्नुभयो । प्रतियोगिताको उद्घाटन समारोहमा प्रदेश खेलकुद विकास समिति, गण्डकीका सदस्य सचिव तेजबहादुर गुरुङ्ग, फिष्टेल एकेडेमीका प्राचार्य चिनु रानाभाट, गण्डकी बोर्डिङ्ग स्कुलका प्राचार्य विरेन्द्र खड्का, टेनिस संघका केन्द्रिय उपाध्यक्ष विनोद कायस्थ लगायतले पोखरामा टेनिस खेलले राम्रै सफलता हाँसिल गरेको भन्दै खुसि व्यक्त गर्नुभयो । संघ कास्कीका अध्यक्ष लोकबहादुर गुरुङ्गको अध्यक्षतामा भएको उद्घाटन समारोहमा संघका सदस्य मोनिका थापा र सचिव नविन श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसैविच प्रतियोगिताको उद्घाटन खेलमा आर्यषराज पौडेलले विजयी शुरुवात गरेका छन । ८ वर्ष मुनिका नेपाल च्याम्प पौडेलले आफ्नैं उमेर समुहको खेलमा रेयान्सबहादुर भट्टराईलाई पराजित गरेका हुन् । ८ वर्ष मुनिका अन्य खेलहरुमा निरज टण्डनले आदित्य केसीलाई, नितेस थापाले इभान भट्टराईलाई, सुभान केसीले प्रान्सु कायस्थलाई पराजित गरे । ८ वर्ष मुनिकै गर्ल्सतर्फ सारा पन्तले जेनोभा शर्मालाई तथा जिवाश्रीले केजिया शाक्यलाई पराजित गरिन् । १४ वर्ष मुनिको गर्ल्स सिंगल्समा प्रशंसा मोक्तानले आदिती पराजुलीलाई तथा सिभाली गुरुङ्गले स्वस्तीका विष्टलाई पराजित गरिन् । १४ वर्ष मुनिको ब्वाइज सिंगल्समा राजविर प्रधानले स्पर्श क्षेत्रीलाई, निसाद जोशिले जिवन सुनारलाई, सृजन भट्टराईले शास्वत बज्राचार्यलाई तथा दर्शील श्रेष्ठले एड्रिन थापालाई पराजित गरेका छन् । प्रतियोगितामा यु-८,९ र १० का विजेता तथा उप-विजेता खेलाडीहरुले गिफ्टह्याम्पर्स, तथा तृतीयलाई मेडल तथा प्रमाणपत्र, यु-१२ ब्वाईज एण्ड गर्ल्स सिंगलका विजेताले नगद ८ हजार, उप-विजेताले ५ हजार तथा तृतीयले मेडल तथा प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन् । यु-१४ ब्वाईज एण्ड गर्ल्स सिंगलतर्फ विजेताले नगद १२ हजार, उप-विजेताले नगद ६ हजार तथा तृतीयले मेडल तथा प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन् ।

यु-१६ ब्वाइज एण्ड गर्ल्सतर्फ विजेताले नगद १५ हजार, उप-विजेताले नगद ७ हजार ५ सय तथा तृतीयले मेडल तथा प्रमाणपत्र पुरस्करा प्राप्त गर्नेछन् । त्यस्तै ओपन ब्वाइज एण्ड गर्ल्स डबल्सतर्फ विजेताले नगद १५ हजार, उप-विजेताले नगद ७ हजार ५ सय तथा तृतीयले मेडल तथा प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन् ।

# सृजना कपबाट छानिए छात्रवृत्ति प्राप्त गर्ने र तीन महिने पोषण

पोखरापत्र संवाददाता
पोखरा, ७ चैत

कास्की जिल्ला भलिबल संघले तीन महिने डाईट सामग्री प्राप्त गर्ने दश विद्यार्थी छनौट गरेको छ ।

कास्की जिल्ला भलिबल संघ र सृजना विकास केन्द्रको संयुक्त आयोजनामा भएको सृजना कप सामुदायीक मावि स्तरीय छात्र/छात्रा भलिबल प्रतियोगिताबाट तीन महिने डाइट सामग्री प्राप्त गर्ने दश विद्यार्थी छनौट गरिएको हो । तीन दिनसम्म भएको खेलमा उत्कृष्ट खेल प्रदर्शन गरेका छात्रतर्फ ५ र छात्रातर्फ ५ गरी दश खेलाडी गण्डकी प्रदेश सरकारको युवा तथा खेलकुद मन्त्रालयको तर्फबाट प्रदान गरिने तीन महिने डाइट सामग्री प्रदान गर्नका लागि छनौट गरिएको कास्की जिल्ला भलिबल संघका अध्यक्ष भीम पराजुलीले जानकारी दिए । उनका अनुसार मन्त्रालयको ट्यालेन्ट हण्ट अन्तर्गत उनीहरुलाई तीन महिने डाइट सामग्री प्रदान गरिनेछ । त्यस्तै, प्रतियोगिताबाट उत्कृष्ट दुई खेलाडीलाई छात्रवृत्ति प्रदान गरिएको छ । प्रतियोगितामा छात्रातर्फ उत्कृष्ट खेल प्रदर्शन गर्ने उपाधि बिजेता शान्ता माविकी गंगा गुरुङ र सरस्वती टीका माविका सुदीप विश्वकर्मालाई छात्रवृत्ति दिने घोषणा गरिएको हो । उनीहरुलाई प्रदेशको युवा तथा खेलकुद मन्त्रालय र आयोजकको तर्फबाट एक/एक जनालाई वर्षको छात्रवृत्ति प्रदान गरिएको अध्यक्ष भीम पराजुलीले जानकारी दिए ।

# आचारसंहिता...

सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले जानकारी दिनुभयो ।

आयोगले बनाएको आचारसंहिता गैरकानूनी भएको तथा केन्द्र र प्रदेशको हकमा नपर्ने तर स्थानीय तहका प्रतिनिधिलाई मात्र लक्षित गरेर बनाइएको आचारसंहिता गैरकाकानूनी भएको रिट निवेदनमा छ ।

निर्वाचन आयोगले आगामी वैशाख ३० गते ७५३ वटै स्थानीय तहको निर्वाचन एकैपटक गर्ने तय गरेको छ भने निर्वाचनमा फेरि उठ्न चाहने जनप्रतिनिधिले राजीनामा दिनुपर्ने आचारसंहिता बनाएको छ ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# आचारसंहिता विभेदकारी नहोस्

स्थानीय चुनावमा उम्मेदवार हुन जनप्रतिनिधिले राजीनामा दिनुपर्ने निर्वाचन आचारसंहिता विरुद्ध सर्वोच्च अदालतमा रिट परेको छ । स्थानीय तहको जनप्रतिनिधिले उमेदवार बन्न राजिनामा दिनुपर्ने आचारसंहिता विवादित बनेको छ । निर्वाचन आयोगले संघ र प्रदेशका मन्त्रीले पनि उमेदवार बन्न राजिनामा दिनुपर्ने बाध्यात्मक ब्यवस्था राख्छ कि राख्दैनन् जबर्जस्त प्रश्न बनेको छ। सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले आइतबार सर्वोच्च अदालतमा रिट दायर गरेका छन ।

निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहितमा स्थानीय तहमा उम्मेदवारी दिंदा जनप्रतिनिधिले राजीनामा दिनुपर्ने प्रावधान हटाउन अन्तरिम आदेश माग गरेका छन् । निर्वाचन आचारसंहितामा स्थानीय तहका जनप्रतिनिधिले आगामी स्थानीय चुनावमा उम्मेदवारको मनोनयन दर्ता गर्नुअघि पदबाट राजीनामा दिनुपर्ने उल्लेख छ। आगामी ३० वैशाखमा हुने स्थानीय तह चुनावका लागि आयोगले जारी गरेको आचारसंहिता कानुन भन्दा कडा छ। यो कानूनी र नैतिक रूपमा पनि गलत भएको स्थानीय तहका संघले आपत्तिजनक जनाएका छन । स्थानीय तहका जनप्रतिनिधिले पदबाट राजीनामा नदिंदा निर्वाचन प्रभावित हुन्छ भन्ने बुझाइ गलत छ। संघीय र प्रदेश सरकारका मन्त्रीहरूले राजीनामा नदिई हेलिकोप्टरमा घुमेर प्रचार गर्दा निर्वाचन प्रभावित नहुने, तर वडाध्यक्षले लुखुरलुखुर हिंडेर प्रचार गर्दा कसरी निर्वाचन प्रभावित हुन्छ भन्नू सानालाई ऐन, ठूलालाई चैन भनेझैं हो ।

कानूनी रूपमा पनि यो लागू गर्न कठिन छ । मेयरले उपमेयरलाई र उपमेयरले मेयरलाई तथा गाउँपालिका अध्यक्षले उपाध्यक्षलाई र उपाध्यक्षले अध्यक्षलाई राजीनामा दिनुपर्ने कानूनी व्यवस्था छ। यो आचारसंहिता पालना गर्दा एउटाले मात्रै राजीनामा दिन मिल्छ, स्वीकृत हुन्छ । अर्को पदाधिकारी त राजीनामा दिन नपाएर उम्मेदवार बन्नबाट वञ्चित हुने अवस्था आउनु राम्रो होइन। निर्वाचन आयोगले सबैलाई समान अवसरको लागि राजिनामा दिनुपर्ने हो भने सबै तहमा हुनुपर्छ । निर्वाचन गराउन उमेदवार नहुनेलाई मन्त्री बनाउने परिपाटी बसाल्नु पर्छ । आगामी वैशाखमा ७२ दलले देशैभर स्थानीय चुनाव लड्ने भएका छन् । निर्वाचन आयोगले आगामी वैशाख ३० गते ७५३ वटै स्थानीय तहको निर्वाचन एकैपटक गर्ने तय गरेको छ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : मन चञ्चल |
| कर्कट | : मानसिक तनाब | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विदेशबाट फर्केर गाईपालनमा रमाउँदै आचार्य

पोखरापत्र संवाददाता
तनहुँ, ७ चैत

विदेशबाट फर्किएर तनहुँका एक युवकले होलेस्टेन र जर्सी जातका उन्नत गाई पालेर दूध बिक्री गरी राम्रो आम्दानी गर्दै आउनुभएको छ।

वैदेशिक रोजगारीको सिलसिलामा मलेसिया जानुभएका व्यासनगरपालिका-११ सेरा निवासी रमेशप्रसाद आचार्य स्वदेश फर्किएर गाईपालनमा लाग्नुभएको हो ।

स्नातक पास गर्नुभएका उहाँ जागिरभन्दा आफ्नै स्वतन्त्र पेसा राम्रो लागेर गाईपालनमा लागेको बताउनुहुन्छ। तीन वर्षको मलेसिया बसाइँमा सन्तोषजनक कमाई भए पनि स्वदेशमै बसेर केही गरौँ भन्ने मनसायले फर्किएर गाईपालन व्यवसाय थालेको आचार्यको भनाइ छ । सुरुमा एक/दुईवटा गाईबाट व्यवसाय सुरु गर्नुभएका उहाँले थप्दै गएर अहिलसातवटा गाई पुऱ्याउनुभएको र अझै केही गाई थप्ने योजनामा हुनुहुन्छ। दैनिक एक सय साठी लिटर दूध उपभोक्ताको घरघरमा पुगेर बिक्री गर्दै आएको छु । आचार्य भन्नुहुन्छ, “एक सय लिटर अन्यत्र कृषकबाट र साठी लिटर आफ्नो फार्मबाट उत्पादित दूध बिक्री गर्दै आएको छु।” आफ्नो बारीको घाँसले मात्रै नपुगेपछि जग्गा भाडामा लिएर वार्षिक रु तीस हजार बुझाउँदै आउनुभएका उहाँ सबै लागत खर्च कटाएर मासिक कम्तीमा रु पचास हजार कमाउँदै आएको र अन्य कुनै निकायबाट अनुदान नपाएको बताउनुहुन्छ । तीन रोपनी जमिनमा मौसमअनुसार तरकारी खेती गरेर राम्रो कमाई पनि गर्दै आउनुभएका आचार्यले काँक्रो, लौका, घिरौँला, फर्सी, भिन्डीलगायत तरकारी खेतीबाट राम्रो कमाई भइरहको छ भन्नुहुन्छ।

# नेपाल युएईसँग पराजित

पोखरापत्र संवाददाता
काठमाडौं, ७ चैत

आईसीसी पुरुष विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एक दिवसीय सिरिजमा नेपाल संयुक्त अरब इमिरेट्स (युएई)सँग पराजित भएको छ। दुबई क्रिकेट रङ्गशालामा आज भएको खेलमा नेपाल युएईसँग ९९ रनले पराजित भएको हो । युएईले दिएको २०३ रनको लक्ष्य पछ्याएको नेपाल ३५ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै १०३ रनमा समेटियो।

नेपालका लागि ज्ञानेन्द्र मल्लले सर्वाधिक ३० रन बनाए। उनले ६५ बल खेल्दै दुई चौकाको मद्दतमा ३० रन बनाएका हुन् । त्यस्तै सुरुआती ब्याट्सम्यान पवन सर्राफले दुई रन बनाए भने कुशल भुर्तेलले पाँच रन जोडे। त्यस्तै रोहित पौडेलले नौ रन जोडे भने आरिफ शेखले १५ तथा विनोद भण्डारीले १२ तथा सोमपाल कामीले १५ रन बनाए । युएईका जुनाइद सिद्दिकीले चार विकेट लिए भने कासिफ दौद र अहमेद राजाले समान दुई/दुई विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको युएईले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै २०२ रन जोड्यो। युएईका लागि रोहन मुस्तफाले सर्वाधिक ६० रन बनाए भने मुहम्मद रिजवानले ३३ तथा चिराग सुरीले २६ रनको योगदान गरे । भृत्या अरविन्दले २४ रन बनाउँदा बसिल हमिद १७ रनमा आउट भए । बलिङमा सन्दीप लामिछानेले तीन तथा करण केसी र सोमपाल कामीले समान दुई/दुई विकेट हात पारे भने आरिफ शेख र दीपेन्द्र सिंह ऐरीले एक/एक विकेट लिए।

# प्राविधिक शिक्षाप्रति आकर्षण

पोखरापत्र संवाददाता
म्याग्दी, ७ चैत

म्याग्दीको मालिका गाउँपालिका- ७ बिममा सञ्चालित किसानी कृषि प्राविधिक शिक्षालयका विद्यार्थी प्रयोगात्मक अभ्यासका लागि विद्यालय पोसाकमै किसानको खेतबारीमा पुगेर किसानलाई खेतीपातीका कुरा सिकाइरहेका छन् ।

कृषिलाई आधुनिकीकरण गर्ने उद्देश्यले खेतबारीमा प्रयोगात्मक अध्ययन गर्दै गरेका बाली विज्ञानका विद्यार्थीले किसानलाई व्यावसायिक कृषि भनेको केहो ? वैज्ञानिक खेती प्रणालीको विकास कसरी गर्ने ? उन्नत मल बीऊको प्रयोगले कसरी उत्पादन वृद्धि गर्न सकिन्छ भन्नेलगायतका कुरा सिकाउँदै र उनीहरूका अनुभव सुन्दै अध्ययन गरिरहेका भेटिन्छन् । बिममा २०६८ सालमा सिटिइभिटीबाट सम्बन्धन प्राप्त गरी २९ महिने जेटिए र २०७२ सालदेखि तीनवर्षे डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) र तीन वर्षे पशुविज्ञान तहको पठनपाठन सुरु भएको थियो। अहिले यहाँ २१ जिल्लाका विद्यार्थी अध्ययनरत रहेका किसानी कृषि प्राविधिक शिक्षालयका प्रमुख करन कँडेलले बताउनुभयो।

कृषि विषयको प्राविधिक शिक्षा सामुदायिक विद्यालयमै पठनपाठन हुन थालेपछि विद्यार्थी अध्ययनसँगै खेतीको अभ्यासमा पनि लाग्न थालेका छन् ।“कृषि पढ्ने विद्यार्थीलाई अभ्यास गराउने क्रममा किसानका खेतबारीमा नै पुगेर प्रयोगात्मक अभ्यास गराउँदै आएका छौं”, शिक्षालयका प्रमुख कँडेलले भन्नुभयो, “हाम्रो आफ्नै कृषि फर्म पनि छ, त्यहाँ तरकारी र फलफूल खेती, च्याउखेती,माछापालन आदि गरेका छौँ, खेतबारीमा नै पुगेर किसानसँगसँगै अभ्यास गर्दा अझ व्यवहारिक हुने भएकाले किसानकै खेतबारीमा पठाउने गरेका हौँ ।” “हामी यही विषय पढ्दै आएका छौँ । किसानसँगै खेतमा काम गर्दा धेरै ज्ञान पनि पाइदोर हेछ” बाली विज्ञानको दोस्रो सेमिष्टरमा अध्ययनरत छात्रा सोविता बुढाले बताउनुभयो । कृषि प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीले विद्यालयमा शिक्षामात्र लिएका छैनन्, उनीहरूले जानेको प्राविधिक सहयोग किसानलाईसमेत दिन थालेका छन् । विद्यार्थीले किसानको समस्या पहिचान गरी सहयोग गर्दै आएका प्रमुख कँडेलले बताउनुभयो । किसानलेसमेतकृषिलाईआधुनिकीकरण गर्दै कृषिमा हुने समस्याका बारेमा जानकारी लिन सहज भएको उहाँको भनाइ छ । बिमको कृषि प्राविधिक शिक्षालयमा १८ महिने जेटिएको अध्ययन सकेर अहिले मङ्गला गाउँपालिकाको कृषि शाखामा कार्यरत जगत बानियाँ, बेनीको एक गैरसरकारी संस्थामा कार्यरत कृष्ण सुवेदी, जुम्ला खलङ्गाकी जानुका बडाललगायत ५० जनाभन्दा बढी युवायुवतीले रोजगारी पाउनुका साथै व्यक्तिगतरूपमा नै कृषि फार्म सञ्चालन गरेर आम्दानी गर्दै आएका छन् ।

# सातौँ लमजुङ महोत्सव हुने

पोखरापत्र संवाददाता
लमजुङ, ७ चैत

लमजुङस्थित बैँसीसहर नगरपालिका-७ मा सातौँ लमजुङ महोत्सव हुने भएको छ। ‘स्थानीय उत्पादन, संस्कृति तथा पर्यटनः कोभिड-१९ पछिको व्यवसाय पुनःस्थापना’ भन्ने मूल नाराका साथ यही चैत २५ देखि वैशाख ४ गतेसम्म उक्त स्थानमा सो महोत्सव हुने भएको हो।

आयोजक लमजुङ उद्योग वाणिज्य सङ्घले बैँसीसहरमा आज पत्रकार सम्मेलनको आयोजना गरी महोत्सव हुनेबारे जानकारी गराएको हो । सङ्घका अध्यक्ष गुणराज सिलवालले भन्नुभयो, “जिल्लामा रहेका परम्परागत कला संस्कृतिको जगेर्ना, व्यावसायिक कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, जलविद्युत् क्षेत्रमा लगानीमैत्री वातावरण तथा व्यापार व्यवसायलाई प्रदेशस्तरसम्म प्रवर्द्धन गर्ने एवं स्थानीय समुदायलाई मनोरञ्जन प्रदान गरी जिल्लाको आर्थिक विकासमा टेवा पुऱ्याउने लक्ष्यका साथ महोत्वस आयोजना गर्न लागेका छौँ ।” उहाँका अनुसार महोत्सवमा औद्योगिक तथा व्यापारिक प्रदर्शनी, स्थानीय घरेलु तथा हस्तकला प्रदर्शनी, गण्डकी प्रदेशभित्र रहेका उद्योग तथा व्यावसायिक प्रतिष्ठानको विशेष प्रदर्शन, कृषि, पुष्प तथा जडीबुटी प्रदर्शनी, लोक दोहोरी गीत कार्यक्रम, फोटो तथा वृत्तचित्र प्रदर्शनी, जातीय एवं सांस्कृतिक सग्रहालय, नवप्रतिभा, स्थानीय एवं विभिन्न विधाका राष्ट्रिय कलाकारको प्रस्तुति रहनेछ। त्यस्तै आयोजकका अनुसार कोभिड १९ को प्रभावले सुस्ताएको जिल्लाको पर्यटन व्यवसायलाई पुनरुत्थान गरी टेवा पुऱ्याउने, जिल्लामा व्यावसायिक कृषि, पशुपालन र जुडीबुटी प्रवर्द्धन गरी निर्यातजन्य उत्पादनका लागि प्रोत्साहन गर्ने, स्थानीय उद्योग, व्यापार, हस्तकलाको प्रवर्द्धन गर्ने महोत्वसको उद्देश्य रहेको छ।



## व्यक्ति एउटै भएको सूचना



स्याङ्जा जिल्ला भीरकोट नगर पालिका वडा नं. ०१ निवासी भारतीय भू.पू. सैनिक नं. JC NO. 097330A का डिल बहादुर गुरुङको एकमात्र श्रीमती प्रेम कुमारी गुरुङसेनी भन्ने सिरी कुमारीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर प्रेम कुमारी गुरुङसेनी भन्ने सिरी कुमारी भएको र निजको श्रीमानको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर सिरी कुमारी उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगर पालिका ०१ नं. वडा कार्यालयको च.नं. ११५९, मिति २०७८।११।१८ को पत्रबाट जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**Witness**

| | |
|---|---|
| Name: | Name: |
| Gyanendra Gurung | Chet Bahadur Gurung |
| Unit: 5/4 GR | Unit: 4/3 GR |
| Rank: JC 612662M (Sub.) | Rank: JC 607804 (Sub.) |
| PPO No: S/48076/2014 | PPO No: S/34438/2016 |
| Ts No: 183924 | Ts No: 186060 |
| Ph. 9814165759 | Ph. 9816142114 |

## Pokhara Metropolitan City
## Office of Municipal Executive
**Newroad, Pokhara**
**Gandaki Province, Nepal**

## NOTICE OF INTENT OF ACCEPTANCE

**Date of Publication 2078/12/08 (21st March 2022)**

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for the contract as per the IFB Notice published on different dates on National Daily, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the Contract.

| SN | Name of Project | Contract Identification No | Name of Successful Bidders | Bid Amount (Excluding VAT& PS), NRs | IFB Notice Publication dates |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Ghaitekhor to Aaulakhor Road, PMC-26 | 89/PMC/NCB/W//078-079 (IFB No: 33.2/PMC/078-079) | Sr Engineers, Pokhara | 17,86,500.00 | 18th Magh 2078 |
| 2 | Upgrading of road from ward office to Kharikuna payare gotame subedi dadagau road, PMC-20 | 90/PMC/NCB/W/078-079 (IFB No: 33.3/PMC/078-079) | Utaraganga Nirman Sewa, Myagdi | 23,40,599.00 | 18th Magh 2078 |
| 3 | Upgrading of Jarewar Dharapani Road (Thado khola and remaining section), PMC-05 | 94/PMC/NCB/W/078-079 (IFB No: 35.1/PMC/078-079) | Pahari Construction and Builders, Pokhara | 27,77,532.60 | 21th Magh 2078 |
| 4 | Upgrading of Tahako Mukh Dekhi Gorakhnath Marga, PMC-30,31 | 98/PMC/NCB/W/078-079 (IFB No: 37.1/PMC/078-079) | Naba Nirman Construction and Builders, Pokhara | 30,19,000.00 | 24th Magh 2078 |
| 5 | Footpath and drain construction work at Gairapatan Palikhe chowk to Ward Office Chowk, PMC-04 | 100/PMC/NCB/W/078-079 (IFB No: 37.3/PMC/078-079) | Asian Construction and Engineering Consultants Pvt. Ltd | 28,22,061.70 | 24th Magh 2078 |
| 6 | Footpath Construction work at Zero Km- Jarebar-Halanchowk, PMC-6,7 | 105/PMC/NCB/W/078-079 (IFB No: 39.2/PMC/078-079) | Saraswati Nirman Sewa, Pokhara | 1,01,41,297.00 | 26th Magh 2078 |

**Chief Administrative Officer**

# अन्नपूर्ण पदमार्गमा विदेशी पर्यटकको आगमनमा वृद्धि

**पोखरापत्र संवाददाता**
**मनाङ, ७ चैत**

पदयात्राका लागि अन्नपूर्ण पदमार्गमा दैनिक आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा वृद्धि हुन थालेको छ। कोरोना भाइरस र बाढीपहिराको वितण्डापछि अहिले लमजुङ हुँदै पदयात्रा मार्गमा आउने पर्यटकको सङ्ख्या दैनिक ९० भन्दा बढी छ।

अहिले मुख्य सिजन भएकाले दैनिक १०० को हाराहारीमा विदेशी पर्यटक आउने गरेका छन्। अन्नपूर्ण पदमार्गमा पदयात्राका लागि उपयुक्त सिजन सेप्टेम्बरदेखि नोभेम्बरसम्म र फेब्रुअरीदेखि अप्रिलसम्म हो । कोरोना भाइरस, बाढीपहिरो र हिमपातका कारण पर्यटन क्षेत्रमा ह्रास आइरहेको बेला अहिले पर्यटकको आगमनमा वृद्धि हुन थालेपछि पर्यटन व्यवसायी उत्साहित भएका छन् । दुई वर्षसम्म कोरोना भाइरसका कारण थलिएको अन्नपूर्ण पदमार्गको पर्यटन क्षेत्र अहिले विस्तारै तङ्ग्रिँदै गएको छ। अन्नपूर्ण पदमार्गमा विशेषगरी इजरायल, जर्मनी, फ्रान्स र अष्ट्रेलिया, बेलायत, अमेरिकाका पर्यटक आउने गर्दछन् । अन्नपूर्ण पदमार्गमा पछिल्लो समय आन्तरिक पर्यटकको पनि आगमन बढेको छ। मनाङसम्म मोटर पुगेपछि आन्तरिक पर्यटकको सङ्ख्यामा वृद्धि भएको हो । गएको फागुन महिनामा ४९४ जना र चैत १ देखि ७ गतेसम्म २९२ गरी ७८६ विदेशी पर्यटक आएको अन्नपूर्ण संरक्षण क्षेत्र मनाङका प्रमुख लेखनाथ गौतमले बताउनुभयो । थलिएको अन्नपूर्ण पदमार्गको पर्यटन क्षेत्र गत असोज महिनादेखि राम्रो हुन थालेको प्रमुख गौतमको भनाइ छ । मङ्सिर र पुस महिनामा हिमपातका कारण अलि सुस्ताएको भए पनि अहिले फेरि पर्यटकको चहलपहल बढ्न थालेको उहाँले बताउनुभयो । जिल्ला प्रशासन कार्यालय मनाङले अन्नपूर्ण पदमार्ग पुनः सञ्चालन भएको र सुरक्षित रहेको जनाएको छ । वर्षाले बिगारेको बाटो मान्छे हिँड्न र मोटरसाइकल पास हुने बनाइएको छ । स्वदेशी तथा विदेशी पर्यटक तिलिचो तालको अवलोकन गर्दै थोराङ्ला पास गरी मुस्ताङको मुक्तिनाथ पनि पुगिरहेका हुँदा अन्नपूर्ण पदमार्ग सुरक्षित र सहज रहेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो । अन्नपूर्ण पदमार्ग विश्वका १० उत्कृष्ट गन्तव्यमध्ये एक मानिन्छ। बेँसीशहरबाट खुदी, भुलभुले, डाँदी, स्याँगे, जगत हुँदै मनाङ जिल्लाको ताल, बगरछाप, चामे हुँदै थोराङपास गरेर मुक्तिनाथ, जोमसोम, बेनी अथवा घोरेपानीबाट पोखरा पुगेर टुङ्गिन्छ।

# बीस हजार घरधुरी लाभान्वित

**पोखरापत्र संवाददाता**
**तनहुँ, ७ चैत**

तनहुँ विद्युतीकरण आयोजनाबाट बीस हजार एकसय घरधुरीका झण्डै एक लाख बढी मानिस प्रत्यक्ष लाभान्वित भएका छन् ।

जिल्लाका दश पालिकामध्ये ऋषिङ्ग, घिरिङ्ग, आँबुखैरेनी, बन्दिपुर, व्यास, देवघाट र भीमाद नगरपालिकासहित सात पालिकाका मानिस लाभान्वित भएका हुन् । तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावित भएका क्षेत्रका मानिस लामो समयदेखि अन्धकारमय जीवन बिताउँदै आएकोमा घरघरमा बिजुली पुगेपछि खुसी भएका छन् । आयोजनाबाट प्रभावित क्षेत्रमा तनहुँ विद्युतीकरण आयोजनाले विद्युतीयकरणको जिम्मा पाएपछि बिजुली विस्तार गरिएको हो ।

आयोजनाले करिब चार वर्षमा त्यसक्षेत्रमा विद्युत् विस्तार गरेको तनहुँ विद्युतीकरण आयोजनाका इञ्जिनीयर कपिल पाण्डेले जानकारी दिनुभयो । आयोजनासँग गरेको सम्झौता अवधि समापन हुँदै गर्दा आफ्नो जिम्मामा रहेको काम सम्पन्न गरेको उहाँले बताउनुभयो । आयोजनाबाट प्रभावित क्षेत्रमा विद्युतीकरणको जिम्मा पाएको उक्त आयोजनाले सम्झौता अवधिभित्र काम सम्पन्न गरेको हो । बन्दिपुरको साराङ्गघाट र घिरिङमा दुई वटा सबस्टेशन निर्माण गरिएको छ।

शुक्लागण्डकी नगरपालिकाको खैरेनीटारबाट घिरिङ्ग र आँबुखैरेनी गाउँपालिकाको सत्रसयबाट साराङघाटको सबस्टेशनमा ३३ केभी लाइन जोड्नको लागि वातावरणीय अध्ययन गर्ने कार्य भइरहेको उहाँले जानकारी दिनुभयो । करिब एक महिनाभित्र बाँकी रहेका सबै कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । तनहुँ विद्युत् प्राधिकरण तनहुँले यही आर्थिक वर्षको आसार मसान्तभित्र तनहुँलाई अन्धकारमुक्त बनाउने लक्ष्य लिएको प्राधिकरणका निमित्त प्रमुख एवं इञ्जिनीयर रामबाबु चौधरीले जानकारी दिनुभयो ।

# मुस्ताङमा पर्यटकको चहलपहल

**पोखरापत्र संवाददाता**
**म्याग्दी ७ चैत**

हिमालपारिको जिल्ला मुस्ताङमा पर्यटकको चहलपहल बढेको छ । कोरोनाका कारण सुस्ताएको यहाँको पर्यटनले फेरी गति लिन थालेको हो।

केही दिनयता म्याग्दी हुँदै सडक मार्ग भएर मुस्ताङ जाने र फर्कने पर्यटकहरूको चाप बेनी-जोमसोम सडकमा बढेको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को जोमसोमस्थित कार्यालय प्रमुख ऋषि बरालले अहिले आन्तरिक पर्यटकको चाप बढेको र विदेशी पर्यटक पनि मुस्ताङ घुम्न आउन थालेको जानकारी दिनुभयो।

"सडक र हवाई मार्ग भएर मुस्ताङ घुम्न आएका आन्तरिक पर्यटकका कारण चहलपहल बढेको छ," उहाँले भन्नुभयो "थोराङ्ला, उपल्लो मुस्ताङ र जोमसोम आसपासका क्षेत्रमा पनि विदेशी पर्यटकको उपस्थिति बढेको छ।"

म्याग्दी भएर दैनिक ५० बस, १५० जिप र दुई सयका दरले मुस्ताङमा पर्यटकका सवारी साधन भित्रने गरेका जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । कार्यालयका प्रहरी प्रमुख इन्द्रबहादुर नेपालीले बेनीको कालीपुल पोष्ट र भुरुङ तातोपानीस्थित सीमा प्रहरी चौकीले मुस्ताङ भित्र्ने र बाहिरिने सवारी साधनको अभिलेख राख्ने गरेको बताउनुभयो।

कोरोनाविरुद्धको खोपको पहुँच बढेपछि सङ्क्रमण घटेको, पर्यटकीयस्थलमा लगाइएको प्रतिबन्ध हटाएर खुला गरिएको र अनुकूल मौसमका कारण पनि पर्यटकको चहलपहल बढेको हो । मुक्तिनाथ मन्दिर, कागबेनी, कोरला नाका, लोमान्थाङ, जोमसोम, ढुम्बाताल, लेतेलगायत पर्यटकीयस्थलमा अहिले पर्यटको जमघट देखिन्छ । आमा समूह, वन समूह, क्लब, सहकारी संस्था र शैक्षिक संस्थाबाट समूह बनाएर आन्तरिक पर्यटक भ्रमणमा आएका जोमसोम निवासी सम्झना थकालीले बताउनुभयो। चीनको सिमानास्थित कोरला नाकासम्म नै सडक पुगेको छ । यातायातको सहज पहुँच र यात्राको खर्च सस्तो हुनाका साथै समय पनि छोटिएको छ।

विसं २०७६ चैत महिनादेखि कोरोना (भाइरस)को महामारी फैलिएपछि पछिल्ला दुई वर्ष मुस्ताङमा पर्यटकीय गतिविधि सुनसान थियो । पर्यटक नआउँदा करोडौँको लगानीमा खोलिएका होटल तथा रेष्टुरेष्ट सुस्ताएका थिए । पर्यटकको चहलपहल बढेसँगै थलिएको होटल व्यवसाय पुरानै लयमा फर्कने आशा व्यवसायीहरूको छ।

मुस्ताङ जाने र फर्कने पर्यटकको चाप बढेपछि म्याग्दीका व्यवसायीहरूलाई पनि राहत मिलेको होटल तथा रेष्टुरेन्ट व्यवसायी सङ्घका जिल्ला अध्यक्ष बाबुराम आचार्यले बताउनुभयो । बेनी, गलेश्वर, भुरुङ तातोपानी, पोखरेबगर, दाना क्षेत्रका होटलहरू पाहुनाले भरिन थालेका छन् ।


**त्रिभुवन विश्वविद्यालय**
## वन विज्ञान अध्ययन संस्थान
**पोखरा क्याम्पस, पोखरा**

## सेवा करारमा जनशक्ति पदपूर्ति सम्बन्धी दरभाउपत्र आव्हानको सूचना ।

यस क्याम्पसका लागि सुरक्षा गार्ड ६ (छ जना) तथा कार्यालय सहयोगी पियन / बगैचे/ झाँडीफडानी / महिला छात्रावास सरसफाई आदि स्थानहरुको कामकाज गर्ने एक जना महिला सहित तीन जना छ महिनाका लागि (पछि म्याद थप गर्न सहिने) नौ जना श्रेणी विहिन जनशक्ति सेवा करारमा लिनुपर्ने भएको हुँदा कालो सूचिमा नपरेका, रष्ट्रिय रुपमा गुणस्तरीय सेवा उपलब्ध गराउदै आएका अनुभवी ईच्छुक आधिकारिक ईजाजत प्राप्त फर्म, कम्पनी वा संस्थाहरुबाट मिति २०७८/१२/२१ गतेभित्र रीतपूर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख

## श्री गुराँसे सामुदायिक वन उपभोक्ता समूह
**मादी-९, गहते कास्की**

प्रथम पटक प्रकाशित मिति : २०७८/१२/०८

यस समूहको खण्ड नं. ४ मा वन सर्वधन कार्य गर्दा वन पैदानवार कटान मुठान गर्दा निस्केको तपशिल बमोजिम काठका गोलिया लिलाम बिक्री गर्न मिति २०७८।१२।०८ गतेको दिनदेखि समूह बाहिर लिलाम बिक्री गर्न २१ दिनको सार्वजनिक सूचना कार्यालयमा टाँस गरि सकिएको छ । उक्त लिलाममा सहभागी हुनका लागि इच्छुक व्यक्ति वा फर्मले प्रथम पटक प्रकाशित मितिले २१ दिनभित्र २०७८/१२/२८ गते बेलुका ५ बजेसम्म यस कार्यालयमा आएर सिलबन्दी फाराम रु.१०००।- तिरी यस कार्यालयमा पेश गर्नुपर्नेछ। २०७८/१२/२९ गते १२:०० बजेदेखि १:०० बजेसम्म टेण्डर खोलिने व्यहोरा जानकारी गराउँदछौं ।

सम्पर्क नं. ९८०६६७६७४८

अन्य विस्तृत जानकारीको लाागि श्री गुराँसे सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्नुहोला ।

तपसिल

| सि. नं. | काठको जात | ग्रेड | समूह बाहिर लिलाम माग गरिएको परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | गोलिया संख्या | परिमाण (क्यु.फि.) | |
| १ | साल | A | २१ | १८५.५३ | |
| | | B | ४१ | २९३.२५ | |
| | | C | ४० | १६५.४५ | |
| | साल जम्मा | | १०२ | ६४४.२३ | |

**प्रदेश सरकार**
**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**
## प्रदेश संग्रहालय
**गण्डकी प्रदेश पोखरा, नेपाल**

## सूची दर्ता सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति २०७८।१२।०८

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा व्यवस्था भए अनुसार आ.व २०७८/०७९ का लागि यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार गण्डकी प्रदेशमा रहेका धार्मिक ऐतिहासिक सांस्कृतिक सम्पदाहरुको वृत्तचित्र निर्माण प्रयोजनका लागि आवश्यक खरिद विधि अवलम्वन गर्न मौजुदा सूचि तयार गर्नुपर्ने भएको हुँदा सोहि नियमावलीको नियम ७२ (१) प्रयोजनका लागि इच्छुक इजाजत प्राप्त फर्महरुले तपशिलमा उल्लेखित कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र सूची दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघि आएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

**तपशिल:**

१. फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
२. मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी
३. आ.व. ०७७।०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
४. उच्च गुणस्तरीय भिडियोग्राफी उत्पादन गरेको न्युनतम ५ वर्षको अनुभव

**प्रदेश सरकार**
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## स्वास्थ्य तालिम केन्द्र
**गण्डकी प्रदेश पोखरा**
**फोन नं. ५२०३९६/५२३१०९**

## चमेनागृह (क्यान्टिन) संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।१२।०८

यस स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखरामा क्यान्टिन संचालन गर्न आवश्यक भएकोले चालु आ.व. २०७८।०७९ मा चमेनागृह (क्यान्टिन) संचालनको कार्य गर्नको लागि नियमानुसार इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम रु १०००।-नगद (फिर्ता नहुने गरी) तिरी खरिद गर्नुपर्नेछ । दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको १२ वजे भित्र खरिद गरि १.०० बजे भित्र दर्ता गर्न सकिनेछ ।
२. शिलबन्दी दरभाउपत्र फाराम साथ दरभाउपत्रदाताले २०७८ साल आषाढ मसान्तसम्म नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर (मूल्य अभिबृद्धिकर सहित) प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा आ.ब.२०७७।०७८ को करचुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
३. म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु १५ औं दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहबरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउपत्र खरिद गर्ने र बुझाउने अन्तिम दिनमा सार्बजनिक बिदा परेमा त्यसको भोलि पल्ट कार्यालय खुलेको दिनलाई अन्तिम मिति मानिने छ ।
५. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिकरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने आदि सम्पुर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।
६. यो दरभाउपत्रको मान्य हुने अवधि ४५ दिन हुनेछ ।
७. दरभाउपत्रमा कबूल गरेको कुल रकमको ३ (तिन) प्रतिसत धरौटी रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेशको धरौटी खाता नं. ३०२०१००२०२०३०००० तथा स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको कार्यालय कोड नं ३५५०३३९०१४ मा जम्मा गरीको सक्कलै भौचर वा वाणिज्य वैक वाट जारी वैक ग्यारेन्टीको पत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
८. यस केन्द्रको छाप र अधिकार प्राप्त अधिकृतको दस्तखत भएको दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।
९. यो दरभाउपत्रको सूचना अनुसार चमेनागृह (क्यान्टिन) संचालन गर्ने सम्बन्धी अन्य केहि कुराहरु बुझ्नुपरेमा यस तालिम केन्द्रमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।
१०. यो सूचनामा उल्लेख भएका कुराहरु प्रचलित ऐन नियमहरुसंग नबाझ्ने हदसम्म दरभाउपत्र फाराममा यसै अनुसार र अन्य कुराहरु दरभाउपत्र फाराम, प्रचलित ऐन नियमहरु र सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।